श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७६।७७
प्राप्त पत्र संख्या र मिति :
च.नं. ४११

मिति: २०७६।०५।२५

विषय : परिपत्र सम्बन्धमा।

श्री उच्च अदालतहरु सबै।
श्री इजलास सबै।
श्री अस्थायी इजलास सबै।
श्री प्रशासकीय अदालत।
श्री न्यायाधिकरणहरु सबै।
श्री विशेष अदालत।
श्री श्रम अदालत।
श्री फैसला कार्यान्वयन निर्देशनालय।
श्री जिल्ला अदालत सबै।

प्रस्तुत बिषयमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को "कैद वापत रकम तिर्न सकिने" व्यवस्थाको प्रयोग फैसला हुँदाका बखत फैसलामा नै उल्लेख हुनुपर्ने हो वा फैसला पश्चात् कार्यान्वयनको चरणमा पनि लिन सकिने हो। फैसला पश्चात् लिन सकिने हो भने इजलासमा पेश गरी निकासा लिनु पर्ने हो वा प्रशासनिक तहबाटै निकासा दिन सकिने हो भनी कैलाली जिल्ला अदालतबाट निकासा माग भएकोमा "मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ (संशोधन सहित) को दफा १५५ नं. को प्रयोग न्यायिक रोहमा न्यायाधीशकै इजलासबाट गरिने विषय भएको हुँदा उक्त अधिकार इजलासबाट प्रयोग हुने तथा उक्त दफा १५५ को अधिकार इजलासबाट प्रयोग गर्दा दण्ड सजाय दिने अधिकारीले कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा फैसला हुँदाकै अवस्थामा इजलासबाट कैद वापत रकम तिरी कैदमा बस्न नपर्ने गरी आदेश दिन सकिने तथा निर्णयको जानकारी मातहत अदालतहरुमा गराउन सर्वोच्च अदालतको प्रशासन शाखामा लेखि पठाउने" भनी देवानी कार्यविधि संहिताको दफा २८७ बमोजिम संहिता कानूनहरुको कार्यान्यवनको क्रममा आउनसक्ने अडबडको निकासाका लागि यस अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूको संयोजकत्वमा गठित संयन्त्रको मिति २०७६।०५।२२ गतेको निर्णयानुसार अनुरोध गर्दछु।

२०७६।०५।२२

नीतिज राई
शाखा अधिकृत